# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : १६ | प्रमाणिकरण : २०७५।०८।१५
प्रकाशन मिति : २०७५।०८।१५


## भाग - २

## ठाकुरबाबा नगरपालिका

### हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

स्थानीय पुर्वाधार विकास आयोजना तथा परीयोजनाहरुलाई छिटो छरीतो र गुणस्तरीय बनाउन ठाकुरबाबा नगरपालिकाको स्वामित्वमा रहेका हेभी इक्युप्मेन्टहरुको संचालन र व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ११(२) घ को ११ ले निर्दिष्ट गरे बमोजिम ठाकुरबाबा नगर कार्यपालिकाले **हेभी इक्युप्मेन्ट संचालन सम्बन्धी कार्यविधि, २०७५** जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **हेभी इक्युप्मेन्ट संचालन सम्बन्धी कार्यविधि २०७५** रहने छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएपछि लागु हुनेछ ।

**२.परिभाषा**

क) "हेभी इक्युप्मेन्ट" भन्नाले रोलर, बारुण यन्त्र, ब्याक-हु लोडर, ग्रेडर, वाटर ट्याङ्कर, ट्रिपर र ट्याक्कटर लगायत अन्य ठुला सवारी साधनलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले ठाकुरबाबा नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले यस कार्यविधि अन्तरगत गठित संचालन समितिलाई सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले यस ठाकुरबाबा नगरपालिकाको हेभी इक्युप्मेन्ट सम्बन्धी शाखालाई सम्झनु पर्दछ।

ङ) "कोष" भन्नाले ठाकुरबाबा नगरपालिकामा हेभी इक्युप्मेन्ट संचलनको लागि तोकिएको आर्थिक शिर्षकलाई सम्झनु पर्दछ ।

च) "चालक" भन्नाले हेभी इक्युप्मेन्ट चलाउने चालकलाई सम्झनु पर्दछ ।

ज) "सेवाग्राही" भन्नाले यस कार्यबिधि अनुसार सेवा लिन चाहने सार्वजनिक संघ, संस्था, समिति, उपभोक्ता समिति र व्यक्ति लाई सम्झनु पर्दछ ।

**३. संचालन समितिको गठन**

क) ठाकुरबाबा नगरपालिकामा रहेका हेभी इक्युप्मेन्ट संचालनको लागि देहाय बमोजिमको संचालन समिति रहने छ :-

१. संयोजकः- प्रमुख प्रशासकीय अधिकृत
२. सदस्यः- योजना शाखा प्रमुख
३. सदस्य सचिवः- हेभी इक्युप्मेन्ट/ जिन्सी शाखा प्रमुख

बैठकमा आबश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

**४. समितिको काम कर्तव्य र अधिकार**

क) समिति को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

१. हेभी इक्युप्मेन्ट प्रयोगको दररेट परिमार्जनका लागि सिफारिस गर्ने ।
२. हेभी इक्युप्मेन्टहरुको रेखदेख गर्ने ।
३. संचालनको अवस्थामा नियमन गर्ने ।
४. मर्मत संम्भार गर्ने ।
५. नगरपालिकामा नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।
६. आवश्यक अन्य कार्य गर्ने ।

**५. समितिको बैठक**

क) समितिको बैठक द्धिमासिक रुपमा बस्नेछ ।

ख) आवश्यक भएमा जुनसुकै बखत समिति बैठक बस्न सक्नेछ ।

**६. हेभी इक्युप्मेन्टको उपलब्धता सम्बन्धी व्यवस्था**

क) सेवाग्राहिले अनुसुचि १ बमोजिमको ढाचामा निवेदन पेश गर्नुपर्नेछ ।

ख) नगरपालिकाबाट उपलब्ध गराइने इक्युपमेन्टको भाडादर अनुसुचि २ बमोजिम हुनेछ ।

ग) सेवा ग्राहिले अनुसुचि १ बमोजिम फारम भरी समितिको सिफारिसमा अनुसुचि २ बमोजिमको शुल्क बुझाइसकेपछि अनुसुचि ३ बमोजिमको सम्झौता गराइ इक्युपमेन्ट उपलब्ध गराइनेछ ।

घ) तत्काल हेभी इक्युप्मेन्ट प्रयोगमा ल्याउनु पर्ने अवस्था उत्पन्न भएमा पछि समितिको बैठकबाट अनुमोदन गराउने गरी सम्बन्धित शाखाले इक्युपमेन्ट उपलब्ध गराउन सकिनेछ।

ङ) अग्रीम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्नेछ, थप दस्तुर उठाउने दायित्व चालकको हुनेछ ।

च) लापरबाहीका कारणले हेभी इक्युप्मेन्टमा कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी साधन माग गर्ने सेवाग्राहीको हुनेछ ।

छ) बिपत्ति र नगरपलिकाबाट आयोजना गरिने बिशेष कार्यका सन्दर्भमा हेभी इक्युप्मेन्ट संचालन गर्नुपर्ने भएमा महसुल छुट गर्न सकिनेछ सोको जानकारी नगर कार्यपालिकालाई गराइनेछ ।

ज) नगरपालिकाबाट सम्झौता गरि कार्य सचालन हुने उपभोक्ता समितिहरुको हकमा तत्काल भाडा बुझाउन नसक्ने भएमा रकम भुक्तानी हुदा कटाउने गरी इक्युप्मेन्ट उपलब्ध गराउन सकिनेछ ।

**७. <u>संचालन कोषको व्यवस्था</u>**

क) हेभि इक्युप्मेन्ट संचालनको लागि एउटा छुट्टै कोष खडा गरिनेछ । उक्त कोषमा देहाय बमोजिमको रकम रहने छः-

१. ठाकुरबाबा नगरपालिकाबाट विनियोजित रकम ।

२. सेवाग्राहीबाट प्राप्त हुने दस्तुर ।

३. विभिन्न निकायबाट प्राप्त हुने रकम ।

**९. <u>कोषको संचालन विधि</u>**

प्रचलित कानुन अनुसार नगरपालिकाको खाता संचालन गर्ने प्रकृया अनुसार कोष संचालन हुनेछ ।

**१०. <u>विविध</u>**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) नगर कार्यपालिकाबाट यो कार्यविधिमा समयानुसार परिमार्जन गर्न सकिनेछ ।

ग) यस कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

अनुसुची-१

(बुदाँ ६ को (क) संग सम्बन्धित)

<u>रोलर / ग्रेडर / व्यकहो लोडर / टिप्पर / ट्र्याक्टर **भाडामा लिने सम्बन्धि निवेदन**को ढाँचा</u>

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू मिति : .......................

**ठाकुरबाबा** नगरपालिका कार्यालय

सि.नं

.................................कामको लागि नगरपालिकाको नियमानुसार निम्न लिखित **रोलर / ग्रेडर / व्यकहो लोडर / टिप्पर / ट्र्याक्टर** उल्लेखित समयको लागि उपलब्ध गरि दिन हुन निवेदन गर्दछु ।

१. **रोलर / ग्रेडर / व्यकहो लोडर / टिप्पर / ट्र्याक्टर**

कार्यको विवरण स्थान सिफ्ट कहिले देखि अनुमानित कार्य

अवधि..............................................................देखि..............................................................सम्म

कार्यालयको नियम अनुसार राजश्व जम्मा गरिसकेपछि मेसिन लैजाने र काम गर्ने कुरामा कार्यालयले तोकेको सम्पूर्ण नियम तथा शर्तहरु पालना गर्न मन्जुर गर्दछु ।

निवेदकको पुरा नाम, ठेगाना :–

टेलिफोन नं:– निवेदक वा निजको

प्रतिनिधिको हस्ताक्षर

अफिसको कामको लागि मात्र

श्री आर्थिक प्रशासन शाखा

................................ :: निम्न बमोजिम रकम आम्दानी बाध्नु होला ।

भाडामा दिएको

विवरण:

भाडा दर ........................जम्मा राजश्व रकम

प्रति घण्टा / सिफ्ट:

राजश्व रकम प्राप्त भएको

मिति:

पेश गर्ने कर्मचारी - प्रमाणित गर्ने अधिकृतको दस्तखत :–

सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

# अनुसूची-२

(बुदाँ ६ को (ख) संग सम्बन्धित)

**हेभि इक्युप्मेन्ट प्रयोग गरे बापतको दस्तुर**

| सि.न. | इकुमेन्टको नाम | दररेट (इन्धन बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | बारुण यन्त्रः | नि:शुल्क | |
| २ | व्याक -हु लोडर | प्रति घण्टा रु.१०००।- | |
| ३ | ट्रिपर | प्रति दिन रु.३०००।- | |
| ४ | रोलर | प्रति घण्टा रु.१०००।- | |
| ५ | ग्रेडर | प्रति घण्टा रु.१५००।- | |
| ६ | ट्याक्टर | प्रति दिन रु १२००।- | |
| ७ | वाटर ट्याङ्कर | प्रति दिन रु.१५००।- | |

माथि उल्लिखित दररेटमा कार्यालय दिन/समयमा ५ प्रतिशत र कार्यालय समय बाहेक वा बिदाका दिनमा १० प्रतिशत चालक भत्ताको व्यवस्था सेवाग्राहीले गर्नुपर्नेछ ।

हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

## अनुसूची-३

(बुदाँ ६ को (ग) संग सम्बन्धित)

**ठाकुरबाबा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, ठाकुरबाबा बर्दिया र .................... बिच नगरपालिका स्वामित्वमा रहेका हेभी इक्युप्मेन्ट भाडामा लगाउने कार्य सम्बन्धि**

**सम्झौता पत्र**

ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ठाकुरबाबा बर्दिया (यस पछि प्रथम पक्ष भनिनेछ) र .................................................. (यस पछि दोस्रो पक्ष भनिनेछ) को विचमा हेभी इक्युप्मेन्ट भाडामा लगाउने कार्य देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनमा कार्यान्वयन गर्न गराउन दुवै पक्ष एक आपसमा सहमत भई ठाकुरबाबा नगरपालिका कार्यालयमा बसी यो द्विपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरिदियौ लियौ ।

१. प्रथम पक्षले दोस्रो पक्षलाइ ......................... कार्यका लागी मिति .................................. देखि मिति.............................. सम्म ...................... घण्टाको .............................. भाडामा उपलब्ध गराउनु पर्नेछ ।
२. ठाकुरबाबा नगरपालिका क्षेत्र भित्र सार्बजनिक निर्माणको कार्य गर्न प्रति घण्टा रु........................... मा दोस्रो पक्षले भुक्तान गर्ने गरि दुवै पक्षले यो सम्झौतामा हस्ताक्षर गर्यौ ।
३. हेभी इक्युप्मेन्टको प्रयोगको क्रममा दोस्रो पक्षको लापरबाहीबाट दुर्घटना भएको पुष्टि हुन आएमा उक्त क्षतिको पूर्ति दोस्रो पक्षले गर्ने छ।

हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि-२०७५ मा भएका कुराको अतिरिक्त निम्नलिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

क) समयमा कार्य सम्पादन हुन नसके हेभी इक्युप्मेन्ट फिर्ता गरि सम्झौता भंग गर्ने ।

ख) प्रचलित कानून वा खरिद सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार ।

सम्झौतामा उल्लेख नभएका विषयबस्तुहरुको हकमा नेपालको प्रचलित कानून (सार्वजनिक खरिद एन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४) बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**

दस्तखतः...............................

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका

**दोस्रो पक्षको तर्फबाट**

दस्तखतः...............................

**साक्षीहरुः**

दस्तखत.......................

योजना शाखा

दस्तखत.......................

जिन्सी शाखा

तखत.......................

चालक

आज्ञाले

पित्री भक्त गिरी

नि.प्रमुख प्रशासकीय अधिकृत

हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७५